नेपाल सरकार
संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय

# वालिङ नगरपालिका कार्यालय
## वालिङ, स्याङजा

वालिङ नगरपालिका स्याङ्जा २०५४

विषय : जग्गा उपलब्ध गराउने सम्बन्धी सार्वजनीक सूचना !

**प्रथम पटक प्रकाशन मिति २०७२।४।२५ गते**

प्रस्तुत विषयमा यस वालिङ नगरपालिका अर्न्तगत गह्रौध्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्र को लागी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले वालिङ अस्पतालको रुपमा स्तरउन्नती गर्ने निर्णय गरि सकेकोले उक्त अस्पतालको लागी स्थायी भौतिक संरचना भवन तथा कम्पाउण्ड निर्माण गर्नका लागी आवश्यक पर्ने जग्गा तपसिलका शर्तह्रुको अधीनमा रही नि-शुल्क रुपमा जग्गा उपलब्ध गराउन चाहने व्यक्ति वा संघ-संस्थाले आफ्नो नाममा रहेको जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि समेत संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वालिङ नगरपालिका कार्यालयमा खामबन्दी निवेदन दर्ता गराउनु हुन सम्बन्धीत सबैको जानकारीको लागी यो सार्वजनीक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१) गह्रौध्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्र लाई अस्पतालको रुपमा स्तरउन्नती गर्ने निर्णय भए बमोजिम सरकारी मापदण्ड बमोजिमको भवन तथा कम्पाउण्ड समेत निर्माण गर्न पुग्ने गरी आवश्यक पर्ने जग्गा एकै स्थानमा एउटै प्लट भएको जग्गा उपलब्ध गराउने कुरा उल्लेख भएको हुनु पर्नेछ ।

२) जग्गा प्राप्तीका लागी यातायातको सुविधा, शान्ति सुरक्षा, सेवा प्रवाहको सुविधा वातावरणिय स्वाच्छता आदी समेतलाई ध्यानमा राखी सिद्धार्थराजमार्गको आसपास दायावाया करीव २०० मिटर सिमाक्षेत्र सम्मको जग्गा हुनु पर्नेछ । साथै उपलब्ध गराईने जग्गासम्म बाटोको पहुंच योग्य हुनु पर्नेछ ।

३) जग्गा दिन चाहनेले नि-शुल्क रुपमा उपलब्ध गराउने कुरा उल्लेख भएको हुनु पर्नेछ । साथै जग्गावाला व्यक्तिहरुको नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि, सघं-संस्थाको भएमा समितिको सर्वसम्मत निर्णयको प्रतिलिपि र जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि समेत निवेदनमा संलग्न राख्नु पर्नेछ ।

४) यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र (मिति २०७२।४।२५ गते देखी २०७२।५।७ गते सम्म) कार्यालय समय भित्र वालिङ नगरपालिकाको कार्यालयमा खामबन्दी निवेदन दिनु पर्नेछ ।

५) प्राप्त भएका खामबन्दी निवेदन सोह्रै दिनको दिन १.०० वजे (सो दिन विदा परेमा कार्यालय खुलेको दिनको सोही समयमा) वालिङ नगरपालिकाको कार्यालयमा खोलिने छ । साथै निवेदनमा उल्लेखीत जग्गाहरु प्राविधिक तथा अन्य दृष्टिकोणले उपर्यूक्त छ-छैन् भनी सरोकार निकायसंग समेत समन्वय गरी निर्णय गर्ने सर्बाधिकार यस कार्यालयलाई हुने छ ।

६) उल्लेखीत सर्न्दभमा दिविधा भएमा वा थप जानकारी लिनु परेमा वालिङ नगरपालिका कार्यालय र गह्रौध्याङलिङ प्राथमिक स्वास्थ्य केन्द्रमा सर्म्पक राख्न सकिनेछ ।

०७२।४।२५

कार्यकारी अधिकृत